नेपाल सरकार
शहरी विकास मन्त्रालय
# धनगढी नगर बिकास समिति
धनगढी,कैलाली

☎ - ५२२१०२

प.सं.-०७९/०८०

मिति-२०७९/१०/२६

## सपिङ्ग कम्पलेक्सका सटर तथा कोठाहरु भाडामा दिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आवह्नानको सूचना

( तेश्रो पटक प्रकाशित मिति २०७९/१०/२६)

यस धनगढी नगर बिकास समितिको सपिङ्ग कम्पलेक्स भवनका सटर तथा कोठाहरु पाँच बर्षका लागी सिलबन्दी दरभाउपत्र मार्फत बढाबढको माध्यमबाट भाडामा लगाउनु पर्ने भएकोले इच्छुक फर्म,कम्पनी,व्यक्तिहरुले यस समितिको कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ । साथै उक्त दरभाउपत्र सम्बन्धी बिस्तृत जानकारी धनगढी उप-महानगपालिकाको वेवसाइट **dhangadhimun.gov.np** बाट हेर्न /डाउनलोड गर्न सकिनेछ ।

अधिकृत स्तर छैठौं

[redacted]

नेपाल सरकार
शहरी बिकास मंत्रालय
# धनगढी नगर बिकास समिति
धनगढी,कैलाली

☎ - ५२२१०२

प.सं.-०७९/०८०

मिति-२०७९/१०/२६

## सपिङ्ग कम्पलेक्सका सटर तथा कोठाहरु भाडामा दिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आवह्नानको सूचना

( तेश्रो पटक प्रकाशित मिति २०७९/१०/२६ )

यस धनगढी नगर बिकास समितिको मिति २०७९/७/२८ को निर्णयानुसार यस समितिका तपसील बमोजिमका सपिङ्ग कम्पलेक्स भवनका सटर तथा कोठाहरु जे जसो अवस्थामा छन निम्न सर्तको अधिनमा रही पाँच बर्षका लागी सिलबन्दी दरभाउपत्र मार्फत बढाबढको माध्यमबाट भाडामा लगाउनु पर्ने भएकोले इच्छुक फर्म,कम्पनी,व्यक्तिहरुले यस समितिको कार्यालयबाट दरभाउपत्र खरिद गरी दरभाउपत्रमा उल्लेखित आवश्यक न्यूनतम भाडा दरमा नघटने गरी रितपुर्वक दरभाउपत्र आह्वान गरिएको छ ।

१. यो सूचना तेश्रो पटक प्रकाशित भएको मितिले ७औ दिन भित्र इच्छुक व्यक्ति ,फर्म ,कम्पनीले फर्म दर्ता प्रमाण पत्र, फर्म नबिकरणका प्रतिलिपि र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि प्रमाणित गराई निबेदन साथ आफुले लिन खोजेको व्लक नम्बर र सटर तथा कोठा नम्बर स्पस्ट उल्लेख गरि दरभाउपत्र फाराम रु.१,०००।-(फिर्ता नहुने गरी) बुझाई दरभाउपत्र फाराम यस समितिबाट खरिद गर्न सकिने छ ।

२. आफुले भाडामा लिन चाहेको भवनको व्लक नम्बर र सटर तथा कोठा नम्बर स्पष्ट लेखि दरभाउपत्र फाराममा आफुले कबोल गरेको दररेट अंक र अक्षरमा स्पष्ट भरि तेश्रो पटक सूचना प्रकाशित भएको मितिले ७औं दिन दिनको १२.०० बजे भित्र सिलबन्दी खाममा व्लक नम्बरं. सटर तथा कोठा नम्बर र आफुले गर्ने व्यवसाय समेत खुलाई समितिमा दर्ता गरि सक्नुपर्ने छ । रितपुर्व भरि समय भित्र दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको २.०० बजे प्रतिनिधिहरुको रोहोवरमा यस समितिको कार्यालयमा खोलीने छ । दरभाउपत्र खरिद ,दर्ता र खोल्ने दिनमा सार्वजनिक बिदा पर्न गएमा सो कार्य त्यसको भोलीपल्ट कार्यालय खुलेको दिन हुने छ ।

३. दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउने व्यक्ति फर्म तथा कम्पनीहरुले आफुले कबोल गरेको रकमको १ बर्ष सम्म हुन आउने रकम बराबरको १ बर्षको बैक ग्यारेन्टी वा सो बराबरको नगद रकम पेश गर्नु पर्ने छ । भाडामा बस्दाको अवधि सम्म उक्त बैक ग्यारेन्टी नबिकरण भएको हुनु पर्ने छ ।

अधिकृत स्तर छैठौं

४. सिलबन्दी दरभाउपत्र दाताले आफुले कबुल गरेको मासिक भाडा बराबरको रकम धरौटी बापत यस समितको ने.बै.ली. धनगढीमा रहेको च.हि.न १३७००१००१६२९६४००००01 मा जम्मा गरेको बैक भौचर को पछाडिपट्टि कुन ब्लक को कुन सटर नम्बरको धरौटी हो सो जनाई दरभाउपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ । दरभाउ पत्र स्वीकृत भई सम्झौता गर्न नआएमा निजले राखेको धरौटी जफत हुने छ ।

५. दरभाउ पत्र स्वीकृत भएपछि सम्झौतामा सहिछाप गर्नु पुर्व आफुले कबोल गरेको अंकको ३ महिना बराबरको हुनआउने रकम अग्रीम भाडा समितिमा दाखिला गर्नु पर्ने छ ।

६. सम्झौता भएको मिति देखि पहिलो बर्ष बाहेक दाश्रो बर्ष देखि प्रति बर्ष सम्झौता रकमको १० प्रतिशतका दरले बृदिगरि भाडा दर कायम गरिने छ ।

७. रित पूर्वक पर्न आएको सबै भन्दा बढि रकम कबोल गर्ने दरभाउपत्र दाताको मासिक कबोल अंक स्वीकार गरिने छ ।

८. खाने पानी तथा बिधुत महसुल सम्बन्धीत बहालवालाले नै तिर्नु पर्ने छ ।

९. बिजुलीको महसुल रकम मिटरबाट देखाए बमोजिम प्रत्येक महिना मिटर जाच भएको तिनदिन भित्र दोश्रोपक्ष ले आफैले तिर्नु पर्ने छ ।

१०. भवन बिस्तार गर्नु पर्ने कममा तथा सरकारी मापदण्ड अनुसार सडक बिस्तार हुने कममा अथवा अन्य सरकारी नियम कानुनले सटर हटाउनु पर्ने तोडफोड गनुपर्ने वाध्यता भएको अवस्थामा समितिबाट बहाल वालालाई कुनै प्रकारको क्षतीपुर्ति दिइने छैन ।

११. कुनै सटरको लागी नयाँ दरभाउपत्र दाता र हाल सटर प्रयोग गरिरहेका बहालवाला को कबोल अंक समान भएमा हाल सटर प्रयोग गरिरहेका दरभाउपत्र दाता लाई ग्रहायता दिइने छ ।

१२. दरखास्त दिदाँ प्रत्येक सटर तथा कोठाको लागी छुट्टाछुट्टै दरभाउपत्र फाराम भरि पेश गर्नु पर्ने ।

१३. नेपाल सरकार तथा प्रचलित कानुनले निषेध गरिएका सामानहरु राखी पसल खोल्न तथा बिक्रिबितरण गर्न पाइने छैन ।

१४. दरभउपत्र दाताले घर बहाल कर बाहेक कानुन बमोजिम अन्य कुनै कर तिर्नु पर्ने भएमा स्वयम बहाल बालाले नै तिर्नु पर्ने छ ।

१५. भाडा दिने सम्बन्धमा कुनै समस्या आइपरेमा समितिको हितलाई ध्यानमा राखी कुनै पनि दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूण अधिकार यस समितिमा सुरक्षीत रहने छ ।

१६. हाल सटर प्रयोग गरिरहेका व्यक्तिहरु मध्ये बाट यस सूचना अनुसार सटर पाउन नसकेका वा दरभाउपत्रमा सहभागी नभएका व्यवसायी हरुले दरभाउपत्र स्वीकृत भएपछि ३५दिन भित्र सटर खाली गरिसक्नु पर्ने छ ।

अधिकृत स्तर छैठौं

धनगढी नगर विकास समिति * धनगढी, कैलाली * १०३५

१७..,क्षेत्रिय सिचाई कार्यालय जाने बाटो देखि पूर्व खाने पानी कार्यालय जाने बाटो देखि पश्चिम तर्फ रहेको भवनलाई व्लक **B** ,व्लक बी **B** को माथिल्लो तलामा रहेको सात कोठा (भित्र बाहिर डबल) भएको भवन लाई व्लक **BF** र पुरानो हवाई मैदानमा रहेको भवन लाई व्लक **C** कायम गरि उक्त भवनहरुका सटर तथा कोठाहरुमा कायम गरिएको नम्बर अनुसार आफुले कुन बल्क को कुन सटर लिने हो सोहि अनुसार दरखास्त फाराममा व्लक नम्बर र सटर नम्बर उल्लेख गर्नु पर्ने छ ।

तपसील

| सि.नं. | व्लक र सटर नम्बर | संख्या | प्रति सटर न्युनतम मासिक बहाल | कैफियत |
|---|---|---|---|---|
| ३ | व्लक **BF** कोठा नं. १ देखि कोठा नं. ५ सम्म | ५ | ५,०००।- | |
| ४ | व्लक **C** सटर नं. ६,८ | २ | ६,६२०/८० | |

१८.रित नपुगेको र उपरोक्तानुसारको शर्तहरु समावेश नभएको दरभाउपत्र फाराम मा कुनै कारवाही हुने छैन।

१९. माथि उल्लेखित हुन छुट भएका बिषयका सम्बन्धमा प्रचलीत ऐन /कानुन बमोजजिम हुने छ ।

२०६८।१०।२३

अधिकृत स्तर छैठौं

०६८/१०/२५